# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

मिति : २०७७/०५/०३

## प्रेस विज्ञप्ती ।

आज मिति २०७७/०५/०३ गते बसेको कार्यपालिका बैठकबाट देहाय अनुसार निर्णय भएकोले सम्बन्धित सबैमा निर्णय कार्यान्वयनका लागि यो सूचना जारि गरिएको छ ।

१. यस गाउँपालिकाको वडा नं. ०३ केर्खा स्थित फागुनन्द टोल विकास निवासी ८३ वर्षका एक व्यक्तिको उपचारको सिलसिलमा बि एण्ड सि अस्पताल विर्तामोडमा रहँदा निजको स्वाव परीक्षण भै निजलाई कोरोना भाइरस रोग लागेको पुष्टि भएकोले कन्ट्याक्ट ट्रेसिङ मार्फत निजको परिवार र निजसँग सम्पर्कमा आएका सबै व्यक्तिहरुको पिसिआर परीक्षण (स्वाब परीक्षण) गर्नु पर्ने भएकोले आज कै मिति देखि लागु हुने गरिमिति २०७७/०५/०९ गते राति १२.०० बजेसम्मको लागि वडां. ३ फागुनन्द टोल र शान्ती टोल क्षेत्रको (पूर्वमा केर्खा खोला, पश्चिममा - ढ्याङग्री खोला, उत्तरमा - पूर्व पश्चिम लोकमार्ग र दक्षीणमा - निहारीका ई.वोडिङ्ग स्कूलको अगाडिको तेर्सो बाटो सम्म ) पूर्ण रुपमा सील गरि लकडाउन गरिएको छ । लक डाउन अवधि भर सो क्षेत्रमा कुनै पनि प्रकारको व्यापार, व्यवसाय, उद्योग, होटल, निर्माण कार्य बन्द गरिएको छ साथै बैंक तथा वित्तीय संस्था, सहकारी, अन्य सरकारी कार्यालयको सेवा समेत बन्द गरिएको छ ।

२. लक डाउन अवधि भर औषधी पसल बाहेक अन्य कुनै पनि पसल खोल्न पाइने छैन । दुध डेरी विहान ६.०० बजे देखि ८.०० सम्म र बेलुका ४.३० बजे देखि ६.३० बजेसम्म मात्र सन्चालन हुनेछन ।

३. एम्बुलेन्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरकारी कर्मचारी र सन्चारकर्मी र सवारी पास भएका साधन बाहेक अन्य सबै प्रकारका सावारी साधनहरु चलाउन निषेध गरिएको छ ।

४. उल्लेखित क्षेत्रमा लकडाउन उल्लंघन हुने गरी कसैले कुनै पनि गतिविधि गरे गराएमा गाउँपालिका, प्रहरी, प्रशासनद्धारा प्रचलित कानून अनुसार कारवाहि हुनेछ ।

नोट : सबै नागरिकहरु सचेत भै घरमा नै वसौं सुरक्षित होऔं मास्क र सेनिटाइजरको प्रयोग अनिवार्य गरौ । साबुन पानीले नियमित रुपमा हात धोऔं ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत